# शिक्षक निर्देशिका र जनसङ्ख्या तथा वातावरण विषयको अध्यापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह, दोस्रो
वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको
आंशिक आवश्यकता पुरा गर्नको लागि प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

रीमा कुमारी ढकाल

परीक्षा रोल नं. : २८०१०६/०६६

त्रि.वि. दर्ता नं ९-२-४८०-१८-२००४



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग

कीर्तिपुर, काठमाडौँ

२०६८


शिक्षक निर्देशिका र जनसङ्ख्या तथा वातावरण विषयको अध्यापन (पा.मु. ३४७) – रीमा कुमारी ढकाल २०६८

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर, काठमाडौं पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयअन्तर्गतको आंशिक आवश्यकता पूरा गर्नका लागि रीमा कुमारी ढकालले “शिक्षक निर्देशिका र जनसङ्ख्या तथा वातावरण विषयको अध्यापन” शीर्षकमा मेरो निर्देशनमा रही शोधपत्र तयार पार्नुभएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म पूर्ण रुपमा सन्तुष्ट भएकोले आवश्यक मौखिक अन्तर्वार्ताको लागि सिफारिस गर्दछु ।

............................

प्रा. स्वयं प्रकाश ज.व.रा.

शोध निर्देशक

मिति : २०६८/

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपुर, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयकी छात्रा रीमा कुमारी ढकालले **शिक्षक निर्देशिका र जनसङ्ख्या तथा वातावरण विषयको अध्यापन** शीर्षकमा तयार पार्नुभएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नुभएकोले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. स्वयं प्रकाश ज.व.रा.<br>(विभागीय प्रमुख तथा शोधनिर्देशक) | ............................... |
| ...............................<br>(बाह्य परिवेक्षक) | ............................... |
| ...............................<br>(बाह्य परिवेक्षक) | ............................... |

मिति : २०६८/

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह, द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि "जनसङ्ख्या तथा वातावरण विषयका शिक्षण क्रियाकलापहरू" शीर्षकमा गरिएको थियो । यस शोध पत्रको तयारीको क्रममा अति व्यस्तताको बाबजुद आफ्नो अमूल्य समय मिलाई निर्देशन, सल्लाह, सुझाव प्रदान गरी शोधकार्यलाई पूर्णता प्रदान गरुन्जेल निरन्तर बाटो देखाउने तथा अध्ययन कार्यलाई सफल पार्न सहयोग गर्नुहुने आदरणीय गुरु तथा शोध निर्देशक विभागीक प्रमुख प्रा. स्वमं प्रकाश ज.व.रा. ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

साथै उक्त शोधपत्र पूरा गर्ने अवस्थासम्म आउन सहयोग पुऱ्याउने गुरुहरू उप.प्रा. श्री किरणराम रञ्जितकार उप.प्रा. श्री शिवराज बढू उप.प्रा. यशोधरा पन्त ज्यू, उप.प्रा. विश्ववाला थापा ज्यू र अन्य सम्पूर्ण पाठ्यक्रम तथा मूल्याङ्कन विभागका प्राध्यापक ज्यूप्रति आभारी छु । यस अनुसन्धानका क्रममा आवश्यक सूचना वा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने जनसेवा उच्च मा.वि., वैष्णवी मा.वि., कीर्तिपुर मा.वि., कीर्तिपुरका सम्पूर्ण विद्यालय परिवारप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

निरन्तर आवश्यक सल्लाह, सुझाव प्रदान गरिदिनु हुने मेरा साथीहरू रूपा, मुना, विमला, पुष्पा, चोभा, राधिका साथै सम्पूर्ण साथीहरूप्रति र हरतरहले हृदयदेखि सहयोग गर्ने मेरा आदरणीय बाबा कुलप्रसाद ढकाल र आमा हेमकला ढकाल, दिदी, दादा र बहीनी साथै सम्पूर्ण परिवारप्रति दृदयदेखि आभार व्यक्त गर्दछु । आफ्नो व्यस्त समयका बाबजुद समयमै कम्प्युटर टङकन, फोटोकपी बाइन्डिङ्ग कार्यमा सहयोग पुऱ्याउने दीपक बस्नेतप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

रीमाकुमारी ढकाल

# शोधसार


यो अध्ययन **"शिक्षक निर्देशिका र जनसङ्ख्या तथा वातावरण विषयको अध्यापन"** शीर्षक अन्तर्गत जनसंख्या तथा वातावरण विषय शिक्षणमा अपनाइएका शिक्षण विधि, शैक्षिक सामग्री तथा विद्यार्थी शैक्षिक मूल्याङ्कन प्रक्रिया अवस्था पहिचान गर्नु, शिक्षण गर्दा शिक्षकलाई परेका अप्ठ्याराहरु पत्ता लगाउनु, विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउने उपायहरु पहिचान गर्नु जस्ता उद्देश्यहरुमा आधारित रहेर अध्ययन गरिएको थियो ।

उपर्युक्त उद्देश्यहरु परिपूर्ति गर्न यो अध्ययन कीर्तिपुर नगरपालिकाभित्र तीनवटा सामुदायिक विद्यालयहरु छनौट गरिएको थियो । यस अध्ययनको लागि छनौटमा परेका तीनवटा विद्यालयहरुका कक्षाहरु ६, ७ र ८ गरी तीन पटकसम्म कक्षा अवलोकन गरिएको थियो । ती जानकारी संकलन गर्न अवलोकन फाराम, प्र.अ. र शिक्षकको लागि प्रश्नावली, विद्यार्थीको लागि लक्षित समूह छलफल गरिएको थियो । प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण व्याख्या गरी प्राप्तिको आधारमा निष्कर्ष निकाल्दै केही सुझावहरु प्रस्तुत गरिएको छ ।

नि.मा.वि. तहमा जनसंख्या तथा तथा वातावरण विषय शिक्षण क्रियाकलापहरु सम्बन्धी अध्यापन गर्दा निर्देशिकामा के कस्ता शिक्षण विधिहरु, शैक्षिक सामग्रीहरु र मूल्याङ्कन गर्ने भनेर भनेको छ र शिक्षकले कक्षामा कसरी त्यसको कार्यान्वयन गरिरहेको छ भन्ने प्रश्नमा आधारित रहेर प्रत्यक्ष कक्षा अवलोकन गरिएको थियो । उक्त अवलोकनको आधारमा भन्नुपर्दा शिक्षण विधिको सन्दर्भमा कक्षाकोठामा शिक्षण विधिको प्रयोग गर्दा निर्देशिकामा उल्लेख गरिएका जति शिक्षण विधिहरुको प्रयोग गर्न प्रयाप्त समय नभएकोले खाली व्याख्यान विधिलाई मात्र प्राथमिकता दिनुपर्ने समस्या शिक्षकको भएको पाइयो भने विद्यार्थीहरुले खाली व्याख्या मात्र गरी शिक्षण गर्दा खाली व्याख्यान विधिमात्र प्रयोग नगरी विद्यार्थी केन्द्रीत विधि बढी प्रयोग गरी शिक्षण गर्दा कक्षा प्रभावकारी हुने पाइयो भने प्र.अ. ले विद्यालयमा चाहिने न्यूनतम शिक्षण विधिहरु उपलब्ध भएको बताएको पाइयो । शिक्षकले कक्षामा शिक्षण गर्दा शिक्षक केन्द्रित शिक्षण विधिमात्र नअपनाएर विद्यार्थी केन्द्रित शिक्षण विधिलाई अपनाउँदै विद्यार्थीहरुका विभिन्न किसिमका समस्याहरुको समाधान गर्ने जस्ता विधिहरुको प्रयोग गरी शिक्षण गर्नुपर्ने पाइयो । शैक्षिक सामग्री सम्बन्धमा भएका समस्याहरुका बारेमा भन्नुपर्दा शिक्षकले आफूले प्रायःजसो दैनिक प्रयोगका शिक्षण सामग्रीहरुको प्रयोग गरेको, पाठ्यपुस्तकमा दिइएका चित्रहरुको व्याख्या एवम् विश्लेषण गर्ने गरेको बताएको पाइयो तर निर्देशिकाले तोकेका शिक्षण सामग्रीहरुको प्रयोग प्रभावकारी रुपमा कार्यान्वयन नहुँदा विद्यार्थीहरुले विषयवस्तुले दिन खोजेको ज्ञानमा कमी आएको समस्या विद्यार्थीहरुको पाइयो । शिक्षकले कक्षामा शिक्षण गर्दा विषयवस्तु अनुसार मेल खाने विभिन्न किसिमका शैक्षिक सामग्रीहरुको प्रयोग गरेर शिक्षण गर्न सकेमा विद्यार्थीहरुले सहज रुपमा बुझ्न सक्ने कुरा गरेको पाइयो । निर्देशिकामा उल्लेख गरिए बमोजिमका शैक्षिक सामग्री विद्यालयमा नहुनु, विद्यार्थीहरुलाई चार्ट, चित्रहरु

देखाई अन्तरक्रिया एवम् छलफल गराउँदा धेरै समय लाग्ने हुँदा शिक्षकले भन्न खोजेका भन्न समय अपुग हुने, पाठ्यपुस्तकको परिवर्तन अनुरुप शिक्षक निर्देशिका समयमै उपलब्ध नहुनु जस्ता कारणले निर्देशिका बमोजिमका शैक्षिक सामग्री प्रयोग गर्ने समस्या भएको पाइयो । त्यसैगरी ती समस्याहरु समाधानका लागि शिक्षकहरुबाट समयमै पाठ्यपुस्तक र शिक्षक निर्देशिका एकैसाथ उपलब्ध गराउनुपर्दछ । निर्देशिका प्रयोग सम्बन्धी समयसमयमा तालिमहरु उपलब्ध गराउनुपर्दछ भन्ने प्रतिक्रिया प्राप्त भएको पाइयो । मूल्याङ्कनको सन्दर्भमा भन्नुपर्दा शिक्षकले कक्षामा विषयवस्तु शिक्षण गरिसकेपछि अन्त्यमा मौखिक प्रश्नहरु सोध्ने गरेको पाइयो । निर्देशिकामा उल्लेख गरिए अनुसारका शिक्षण विधिहरुका शैक्षिक सामग्रीहरु र मूल्याङ्कन विद्यालयले नै उपलब्ध गराउनुपर्दछ । निर्देशिका प्रयोग सम्बन्धी समयसमयमा तालिमहरु उपलब्ध गराउनुपर्दछ । शिक्षण विधि बढी व्याख्यात्मक प्रवृत्तिका मात्र भएको हुँदा विद्यार्थी केन्द्रित, निर्देशिकामा उल्लेखित अन्य विधिहरुमा पाठको प्रकृति अनुसार गर्दै जाने हो भने पाठ्यक्रमले राखेको उद्देश्य पूरा हुन्छ । सबै किसिमका शैक्षिक सामग्रीहरु आफै निर्माण गर्न समय नहुने हुँदा विद्यालयले त्यस्ता शैक्षिक सामग्ीहरु उपलब्ध गराउनुपर्ने देखियो । निर्देशिकामा उल्लेखित गरिएका शैक्षिक सामग्री, शिक्षण विधि र मूल्याङ्कनद्धारा विद्यार्थीको शैक्षिक उपलब्धिको मापन गर्नुपर्ने पाइयो ।

सुधारात्मक शिक्षणको लागि सम्बन्धित विषयको लागि सम्बन्धित विषय अध्ययन गरेको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्नुपर्ने, शिक्षण प्रति सकारात्मक सोंच भएका तालिम प्राप्त शिक्षक, शिक्षिकालाई नियुक्ति गर्नुपर्ने, विषयवस्तु अनुसार लिखित पाठयोजना निर्माण गरी विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्दै आवश्यक शैक्षिक सामग्रीहरूको प्रयोग गरी विषयवस्तु अनुसारको शिक्षण विधिको छनोट गर्नुपर्ने र विद्यार्थीको निरन्तर रूपमा मूल्याङ्कन गर्नुपर्ने र तत्काल पृष्ठपोषण प्रदान गर्ने, दैनिक गृहकार्य दिने र चेक गर्ने गर्नुपर्दछ । यसरी प्रभावकारी शिक्षणका लागि सम्बन्धित निकायले विद्यालयलाई आवश्यक पर्ने सम्पूर्ण शैक्षिक सामग्रीको व्यवस्था गरी शिक्षकलाई शिक्षणसम्बन्धी पुनः तालिमको व्यवस्था गर्ने र प्र.अ. सम्बन्धित निकायले समय समयमा शिक्षकको कक्षा अवलोकन गर्नुपर्ने सुझाव दिइएको छ ।

# विषयसूची


| | |
|---|---|
| **सिफारिस पत्र** | i |
| **स्वीकृति पत्र** | ii |
| **कृतज्ञताज्ञापन** | iii |
| **शोधसार** | iv |
| **विषयसूची** | vi |


**परिच्छेद एक**

**परिचय**


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको औचित्य | ४ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अध्ययनको परीसीमा | ६ |
| १.६ | शब्दावलीको परिभाषा | ६ |


**परिच्छेद दुई**

**पूर्वसाहित्यको समीक्षा**


| | | |
|---|---|---|
| २.१ | पूर्वसाहित्यको समीक्षा | ७ |
| | २.१.१ जनसङ्ख्या शिक्षाको अवधारणा | ७ |
| | २.१.२ जनसङ्ख्या शिक्षाको ऐतिहासिक विकासक्रम | ८ |
| | २.१.३ नेपालमा जनसङ्ख्या शिक्षाको ऐतिहासिक विकासक्रम | ९ |
| | २.१.४ जनसङ्ख्या शिक्षाको आवश्यकता र महत्त्व | १० |
| | २.१.५ जनसङ्ख्या शिक्षाका लक्ष्य तथा उद्देश्यहरू | १० |
| | २.१.६ जनसङ्ख्या शिक्षाको क्षेत्र | ११ |
| | २.१.७ जनसङ्ख्या शिक्षाको अन्य विषयहरूसँग सम्बन्ध | ११ |
| | २.१.८ जनसङ्ख्या शिक्षाको शिक्षण विधि | १२ |
| | २.१.९ जनसङ्ख्या शिक्षाको मूल्याङ्कन प्रक्रिया | १२ |
| २.२ | सम्बन्धित अनुसन्धानहरूको समीक्षा | १६ |

## परिच्छेद तीन
## अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा १८
३.२ नमूना छनौट १८
३.२.१ विद्यालयको छनौट १८
३.२.२ प्र.अ. तथा शिक्षकको छनौट १९
३.२.३ विद्यार्थीहरूको छनौट १९
३.३ तथ्याङ्क सङ्कलनका साधनहरू १९
३.३.१ अवलोकन फारम २०
३.३.२ लक्षित समूह छलफल २०
३.३.३ प्रश्नावली २०
३.४ साधनहरुको वैधता २०
३.५ तथ्याङ्कन संकलन प्रक्रिया २०
३.५.१ प्राथमिक स्रोतहरू २१
३.५.२ सहायक स्रोतहरू २१
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २१


## परिच्छेद चार
## तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ विषय शिक्षकहरूको पृष्ठभूमि पहिचान २२
४.२ शिक्षण क्रियाकलापहरू २३
४.२.१ कक्षाशिक्षणमा शिक्षण विधिको प्रयोगको अवस्था २३
४.२.२ कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था २५
४.२.३ कक्षा शिक्षणमा शिक्षकद्वारा गरिएको मूल्याङ्कनको अवस्था २७
४.३ समस्याहरू २९
४.४ समाधानका उपायहरू ३१


## परिच्छेद पाँच
## प्राप्ति, निष्कर्ष र सुझावहरू


५.१ प्राप्ति ३२
५.२ निष्कर्ष ३४
५.३ सुझावहरू ३५
**सन्दर्भग्रन्थसूची** **३८**
**अनुसूचीहरू** **३९**

# तालिका सूची


तालिका ४.१ : जनसङ्ख्या तथा वातावरण विषय शिक्षण गर्ने शिक्षकहरूको शैक्षिक एवम् पेशागत पृष्ठभूमि २३

तालिका ४.२ : निर्देशिकामा तोकिएका र कक्षामा प्रयोग गरिएका शिक्षण विधिको तुलनात्मक अवस्था २४

तालिका ४.३ : कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था २६

तालिका ४.४ : कक्षा शिक्षणमा शिक्षकद्वारा गरिएको मूल्याङ्कनको अवस्था २८